# दोर्दी गाउँपालिका
## (DORDI RURAL MUNICIPALITY)
## गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Rural Municipal Executives)
नौथर ,लमजुङ (Nauthar, Lamjung)
गण्डकी प्रदेश ,नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)


पत्र संख्या / Ref. No : २०८१/०८२
चलानी नं. /Dispatch No :
मिति/Date: २०८१/०८/१०

## दोर्दी गाउँपलिकाको प्रतीक चिन्ह (लोगो) निर्माण सम्बन्धी सूचना ।

(प्रकाशित मितिः २०८१/०८/१०)

दोर्दी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०८/०७ को निर्णयानुसार दोर्दी गाउँपालिकाको प्रतीक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ लोगो डिजाइन गर्न इन्छुक व्यक्ति वा संस्थाले देहाय बमोजिमको शर्तमा रहेर डिजाइन गरी आँफै उपस्थित भई वा इमेल dordigaupalika073@gmail.com मा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्नु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१. प्रतीक चिन्ह सम्बन्धी

क) दोर्दी गाउँपालिकाको ऐतिहासिक, भौगोलिक, प्राकृतिक, सामाजिक, साँस्कृतिक, भाषा, धर्म, संस्कार, आर्थिक गतिविधि एवम् विशिष्ट मौलिक पहिचान झल्कने हुनु पर्नेछ ।

ख) नेपालको झण्डा र गाउँपालिकाको नाम अनिवार्य समेटिएको हुनु पर्नेछ ।

ग) कुनै पनि धार्मिक जातीय तथा साम्प्रदायीक विभेद झल्कने, सामाजिक सद्भावनामा खलल पुग्ने तथा नेपालको सार्वभौमिकता, एकता र अखण्डतामा प्रतिकुल असर गर्ने संकेत प्रयोग गर्न पाइने छैन ।

घ) प्रयोग गरिएका संकेतहरुको संक्षिप्त व्याख्या गर्नु पर्नेछ ।

ङ) बहुरंङ्गमा छपाई गरी प्रयोगमा ल्याउन सकिने हुनु पर्नेछ ।

च) मौलिक एवम् अन्यत्रबाट नक्कल नगरिएको हुनु पर्नेछ ।

२. छनौट सम्बन्धी सम्पूर्ण अधिकार कार्यपालिकाको हुनेछ । छनौट भएको प्रतीक चिन्हको सर्वाधिकार गाउँपालिकामा रहनेछ । र उक्त चिन्ह अन्यत्र प्रयोग गर्न पाइने छैन ।

३. प्राप्त भएको कुनै प्रतीक चिन्हमा आवश्यक परिमार्जन गर्न आग्रह गरिएमा सो अनुसार परिमार्जन गरिदिनु पर्नेछ ।

४. छनौट भएको लोगोलाई गाउँपालिकाले आफ्नो लोगोको रुपमा प्रयोग गर्नेछ । र उक्त लोगोको डिजाइनकर्तालाई रु २५,०००।०० करसहित पुरस्कार प्रदान गरिनेछ ।

८/१०
हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत